दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २२ | बुटवल | २०८१ माघ ०३, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Jan 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

-विदेशबाट आउने जो कोहीमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं ।
-ज्वरो आउने, टाउको दुख्ने, शरीर सुनिने,ढाड दुख्ने, मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन् ।
-त्यस्ता लक्षण देखापरे स्वास्थ्य परीक्षण गराऔं ।
-एमपक्स अत्यन्तै संक्रामक रोग भएकाले संक्रमण हुनसाथ आइसोलेसनमा बसौं ।
-घना बस्ती र शहरी क्षेत्रमा यसको संक्रमण छिटो बढ्ने भएकाले सचेतना बढाऊँ ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


# मायादेवी मन्दिरमा एक वर्षमा ४ लाख ११ हजार पर्यटक

कोरोना महामारीपछि भारी मात्रामा कटौती भएको विदेशी पर्यटकको संख्या पछिल्लो एक वर्षमा उत्साहजनक रुपमा बढेको छ।

**मोहम्मद हबिब**

*भैरहवा ।*

कोरोना महामारीले शुन्य बनाएको बुद्धजन्मस्थल लुम्बिनीमा पर्यटक आगमन बृद्धि हुँदै गएको छ । आन्तरिक पर्यटकले भरिभराउ हुने लुम्बिनीमा भारतिय र तेस्रो मुलुकका पर्यटकको आउने क्रम पनि बढ्दो छ । कोरोना महामारीपछि भारी मात्रामा कटौती भएको विदेशी पर्यटकको संख्या पछिल्लो एक वर्षमा उत्साहजनक रुपमा बढेको छ ।

लुम्बिनी विकास कोषको सूचना शाखाका अनुसार सन् २०२४ मा नेपाली, भारतीय र अन्य मुलुकका गरि ११ लाख ७२ हजार २ सय ८२ जनाले लुम्बिनी भ्रमण गरेका छन् ।

सन् २०२३ मा ९ लाख ९८ हजार ९ सय ३८ जना पर्यटक मात्रै लुम्बिनी आएका थिए ।यो हिसाबले गत वर्षभन्दा १ हजार ७३ हजार ३ सय ४४ बढी पर्यटकले लुम्बिनी भ्रमण गरेको तथ्यांकले देखाएको छ। यी तथ्याङ्क मायादेवी मन्दिर प्रवेश गर्नेको मात्रै हो, लुम्बिनी आउने सबै पर्यटक मायादेवी मन्दिर प्रवेश नगरेका पनि हुन सक्छन ।

सन् २०२३ मा तेस्रो मुलुकका ७६ हजार २ सय १० जनामात्रै पर्यटक मायादेवी मन्दिरको दर्शन गरेकोमा यस २०२४ माविभिन्न ७७ देशका १ लाख ११ हजार ४सय ३ जना तेस्रो मुलुकका पर्यटक लुम्बिनी आएका छन् । जसमध्ये ५ हजार ३ सय ५ जना विभिन्न देशबाट आएका भिभिआइपी, भिआइपी, विशिष्ठ भिक्षु समेत रहेका छन । अहिले आउने विदेशी पर्यटकहरु सबै भन्दा बढि श्रीलंका र थाइलेण्डका रहेका छन । त्यस्तै,म्यानमार, चिन, दक्षिण कोरिया, भियतनामाका पर्यटकहरु उल्लेखीय रुपमा मायादेवी मन्दिरको दर्शन गरेका छन् ।

गत वर्षको तुलनामा यो वर्ष लुम्बिनी भ्रमण गर्ने पर्यटकको संख्या उत्साहजनक रुपमा बृद्धि भएको कोषका सूचना तथा जनसम्पर्क अधिकृत डा. हरिध्वज राईले जानकारी दिए। उनले नेपाली, भारतीयसँगै सबैभन्दा बढि तेस्रो मुलुकका पर्यटकहरुको आवागमन बृद्धि भएको छ। विदेशीसँगै नेपाली पर्यटकरुको आगमन पनि लुम्बिनीमा उल्लेखनीय रुपमा बढ्दो छ । २०२३ मा६ लाख ५६ हजार नेपाली पर्यटकले लुम्बिनी भ्रमण गरेकोमा यो वर्ष त्यो संख्या बृद्धि भएर ७ लाख ५९ हजार ९ सय ९० पुगेको छ ।यो तथ्याङ्क भने रुपन्देही, कपिलवस्तु र नवलपरासी बाहेकका पर्यटकको संख्या हो । मायादेवी मन्दिर प्रवेश गर्दा यी तीन जिल्लाका नागरिकलाई टिकट नलाग्ने भएकोले तथ्याङ्कमा समाविष्ट हुदैन ।

सन् २०२३मा भारतीयहरु पर्यटकको संख्या २ लाख ६६ हजार भएकोमा २०२४मा यो संख्या बढेर ३ लाख ८ सय ८९जनाले भ्रमण गरिसकेको अधिकृत राईले बताए। जसमध्ये १४ हजार ३ सय २८ जना भिभिआइपी, भिआइपी, भारतिय विशिष्ट व्यक्ति र प्रतिनीधि हरु रहेका थिए । विशिष्ट व्यक्तिहरुको आगमनले पनि भारतिय पर्यटकहरुको संख्या लुम्बिनीमा बढ्दो छ ।

कोभिड महामारीपछि सबैभन्दा निकै कम मात्रामा आएका पासपोर्टवाहक पर्यटक अर्थात नेपाल र भारत वाहेकका पर्यटकको संख्या यो वर्ष निकै उत्साहप्रद रुपमा बृद्धि भएको सूचना अधिकृत



राईले बताए ।

लुम्बिनीप्रतिको आस्था बढ्दै गएकाले बुद्ध जन्मस्थल मायादेवी मन्दिर आउने दर्शनार्थीहरुको संख्या बढदै गएको छ, यहाँ धेरै सम्भावनाहरु भएकोले आध्यात्मिक कार्यक्रमहरु आयोजनाका लागि विकास कोषले पहल गर्न जरुरी रहेको लुम्बिनी होटल संघका अध्यक्ष गोविन्द ज्ञवालीले भने। लुम्बिनी धेरैजसो अध्यात्म र ध्यानसंग सम्बधित भएकोले देशव्यापी कार्यक्रमहरु पनि यही हुने गरेको छ । मोन्लम, त्रिपिटक च्यान्टिङ्ग लगायतका आध्यात्मिक कार्यक्रमहरु मात्रै नभई संस्थागत कार्यक्रमहरु पनि लुम्बिनीमा हुनुपर्छ भन्ने मान्यता रहेकाले पनि लुम्बिनीप्रति आकर्षण बढ्दै गएको छ। यसले पर्यटनको विकास सँगसँगै होटल व्यवसायी पनि पर्यटकहरुलाई लुम्बिनीमा एक दिन रोक्न सके यस क्षेत्रको पर्यटन ब्यवसायमा सुधार आउने अध्यक्ष ज्ञवालीले भने ।

बेलहिया नाका हुदै सबै भन्दा बढी पर्यटक लुम्बिनी आउने भएकोले नाकामा हुने अध्यागमनमा ढिलाई, अव्यवस्थित पुर्वाधार र पर्यटकमाथि हुने व्यवहारलाई पनि सुधार गर्नुपर्ने नेप्लिज होटेलियर्स एशोसिएसन लुम्बिनीका अध्यक्ष प्रविणबहादुर पाठक बताउंछन् । पछिल्लो समय बेलहिया नाका र अध्यागमन कार्यालयमा पर्यटकमैत्री वातावरण नहुंदा पर्यटकहरु सास्ती खेपेर नै नेपाल आउने गरेका पाठकको गुनासो छ । यसलाई सुधार गरी आधुनिक प्रविधियुक्त र पर्यटकमैत्री सहज वातावरण बनाउन सके सोचेको भन्दा बढि पर्यटक नेपाल भित्रिन सक्ने पाठकले बताए ।

भारतीय पर्यटकको हकमा उनीहरुले चाहे जति रकम नेपाल ल्याउन दिनुपर्ने व्यवस्थाका लागि सरकारले उच्च तहबाट भारत सरकारसंग कुटनीतिक प्रयास गर्नुपर्ने पनि अध्यक्ष पाठकले सुझाए ।

विश्वको उत्कृष्ट नवौं गन्तव्य सूचिमा लुम्बिनी

| वर्ष | तेस्रो मुलुक | भारतीय | नेपाली |
|---|---|---|---|
| २०२१ | ११९७ | ४३७३२ | ४६३९६३ |
| २०२२ | २३९४२ | २३०८६३ | ६४९०७८ |
| २०२३ | ७६२१९ | २६६५१० | ६५६२१८ |
| २०२४ | १११४०३ | ३००८८९ | ७५९९९ |
| विशिष्ट व्यक्तिको आगमन | ५३०५ | १४३२८ | ३६१९० |

स्रोत : लुम्बिनी विकास कोष

बुद्ध जन्मस्थल लुम्बिनीलाई विश्वविख्यात पत्रिका न्यूयोर्क टाइम्सले विश्वका घुम्नलायक उत्कृष्ट स्थानको सूचीमा राखेको छ। हालै मात्रै सार्वजनिक गरिएको सन् २०२५ मा घुम्न जानुपर्ने विश्वका उत्कृष्ट ठाउँ मध्येको नवौं स्थानमा लुम्बिनी रहेको छ । २०२५ मा पुग्नैपर्ने विश्वका ५२ उत्कृष्ट ठाउँ मध्ये लुम्बिनी नवौं स्थानमा परेपछि पर्यटनव्यवसायीहरु पनि उत्साहित छन ।

» *बाँकी ३ पेजमा*

# भूमिसम्बन्धी अध्यादेश जारी



बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले भूमिसम्बन्धी अध्यादेश जारी गरेका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले बुधबार भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गरेका हुन् । मन्त्रिपरिषद्ले पाँच वटा अध्यादेश जारी गर्नका लागि सिफारिस गरेको थियो । ती पाँचमध्ये यसअघि नै ४ वटा अध्यादेश जारी भइसकेका छन् भने एउटा बाँकी थियो ।

बाँकी रहेको भूमिसम्बन्धी अध्यादेश राष्ट्रपति पौडेलले बुधबार जारी गरेका हुन् ।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार भूमि सम्बन्धी अध्यादेशमा भूमि सम्बन्धी ऐन २०२१, वन ऐन २०७६ र मालपोत ऐन २०७६ संशोधनको प्रस्ताव गरिएको छ ।

सरकारी र सार्वजनिक जग्गामा बसेका देशभरका भूमिहीन जनतालाई कुनै स्थानको जग्गा लालपुर्जा सहित उपलब्ध गराउने व्यवस्था यो अध्यादेशमा गरिएको स्रोतले बतायो ।

भूमि आयोगले गरेको सिफारिसका आधारमा कामलाई तीव्रता दिने हिसाबले व्यवस्था गरिएको प्रधानमन्त्री कार्यालय निकट स्रोत बताउँछ ।गत २९ पुसमा अरु अध्यादेश जारी हुँदा राष्ट्रपति कार्यालयले यो अध्यादेश रोकेको थियो ।

वन र राष्ट्रिय निकुञ्जको जग्गा भूमिहीनलाई लालपुर्जासहित बाँड्ने व्यवस्था राखिएको भन्दै यो अध्यादेश राष्ट्रपति कार्यालयले रोकेको थियो ।

तर प्रधानमन्त्री केपी शर्मा ओलीले एकपटकलाई मात्र लालपुर्जा दिने राष्ट्रपतिसँग प्रतिबद्धता जनाएपछि अध्यादेश जारी गरिएको शीतलनिवास स्रोतले जनाएको छ ।

स्रोतका अनुसार अध्यादेशलाई संसद्बाट प्रतिस्थापन गर्ने विधेयक ल्याउँदा प्रधानमन्त्रीले यसको प्रतिबद्धता गर्ने र कमजोरी भए सुधार्ने उनले बताएका छन् ।

हदबन्दीमा छुट दिइएको तर हदबन्दी बढीको जग्गा बिक्री गर्न रोक लगाउने कानुनमा परिवर्तन गरी त्यस्तो जग्गा स्वीकृति लिई तोकिएको अवधिभित्र विकसित गरी घर-घडेरी बिक्री गर्न पाउने तर सार्वजनिक प्रयोजनका लागि छुट्याइएको जग्गालाई धितो बन्धक राख्न, बिक्री गर्न नपाउने व्यवस्था गरिएको छ ।

भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्था भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई तोकिएको दस्तुरमा जग्गाको स्वामित्व दिने व्यवस्था गरिएको छ ।

# ६० लाख धरौटी बुझाएर छुटे रवि

बुटवल । काठमाडौँ जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई धरौटीमा रिहा गर्न आदेश गरे अनुसार लामिछाने धरौटी रकम बुझाएर बुधबार साँझ छुटेका छन् । स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा रविलाई ६० लाख धरौटीमा छाड्न काठमाडौँ जिल्ला अदालतले आदेश गरेको उनका तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठले जानकारी दिए ।

गत आइतबारदेखि चलेको बयान र थुनछेक बहसपछि जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले यो आदेश गरेको हो ।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा कास्की जिल्ला अदालतमा ६५ लाख धरौटी बुझाएर बिहीबार छुटेका रवि आइतबार काठमाडौँ जिल्ला अदालतमा उपस्थित भएका थिए। त्यस दिन न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासमा उनीसँग बयान लिइएको थियो। थुनछेक बहस हुन सक्दा उनलाई प्रहरीको जिम्मा लगाइएको थियो। त्यसको अर्को दिन सरकारी वकिल र जाहेरवालाका तर्फबाट मात्र बहस सकिएको थियो ।

यस मुद्दाका २ जना अभियुक्त पहिला नै धरौटीमा छुटिसकेका छन्। पुस २१ गते रविसहित ३९ जनाविरुद्ध स्वर्णलक्ष्मी सहकारीको रकम संगठित तवरले ठगी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो ।

यस मुद्दामा उनीहरूबाट जम्मा २ अर्ब ४१ करोड बिगो दाबी गरिएको छ। प्रतिवादी कायम गरिएकामध्ये रवि र उनका व्यावसायिक साझेदार पूर्वडीआईजी छविलाल जोशी जिल्ला प्रहरी कार्यालय, कास्कीको हिरासतमा रहेकै बेला काठमाडौँ झिकाएर प्रहरीले सरकारी वकिलसमक्ष बयान पनि लिएको थियो। यस मुद्दाका अभियुक्तमध्ये जीबी भन्ने गितेन्द्रबाबु राईसहित अधिकांश फरार छन् ।

यस मुद्दामा रविलाई सहकारी ठगीमा ५ करोड ८ लाख ६९ हजार ६३३ रुपैयाँ ५ पैसा बिगो कायम गरिएको छ। छविलाई रविलाई भन्दा बढी बिगो तोकिएको छ। छविका नाममा ५ करोड ७८ लाख ९६ हजार ४८० रुपैयाँ बिगो कायम गरिएको छ ।

रवि र छवि दुवै जना गोर्खा मिडिया नेटवर्कमा आबद्ध थिए। जीबी अध्यक्ष रहेको उक्त कम्पनीमा रवि प्रबन्ध निर्देशक थिए भने छवि उपाध्यक्ष थिए ।

सहकारीको रकम गैरकानुनी तरिकाले गोर्खा मिडिया नेटवर्क नामक कम्पनीमा लगेर बचतकर्तालाई ठगेको मुख्य अभियोग उनीहरूमाथि लगाइएको छ ।

# निर्माण व्यवसायीद्वारा आन्दोलन घोषणा




बुटवल । निर्माण व्यवसायीले आन्दोलन घोषणा गरेका छन् । निर्माण व्यसायीहरूको छाता संगठन नेपाल निर्माण व्यवसायी महासंघले बुधबार पत्रकार सम्मेलन गरी ३ माघदेखि चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेको हो ।

महासंघ महासचिव रोशन दाहालले सरकारसँग विभिन्न माग राख्दै आए पनि पूरा नभएपछि बाध्य भएर आन्दोलन घोषणा गर्नुपरेको बताए ।

उनका अनुसार ३ देखि ७ माघसम्म १४ बुँदे मागसहित प्रधानमन्त्री र विकासे मन्त्रालयका मन्त्रीहरूलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय भएको छ ।

त्यसैगरी १८ माघमा माइतीघर मण्डलामा धर्ना, २० माघमा प्रधानमन्त्री निवास बालुवाटारमा धर्ना र २१ माघदेखि राजधानी प्रवेश गरेर पूर्वपश्चिम नाका ठप्प पार्ने गरी चरणबद्ध आन्दोलनका कार्यक्रम बनाइएको छ ।

चरणबद्ध आन्दोलनपछि पनि सरकारले माग सुनुवाइ नगरे राष्ट्रिय गौरवका आयोजना सहित सबै किसिमका निर्माणका काम ठप्प पारिने महासचिव दाहालले जानकारी दिए ।

पछिल्लो पटक निर्माण सामग्रीको भाउ बढिरहनु, सरकारले लामो समयदेखि बक्यौता भुक्तानी नगर्नु, नेपाल राष्ट्र बैंकले उपलब्ध गराएका सुविधा कटौती हुनुजस्ता कारण निर्माण व्यवसाय समस्यामा परेको महासंघ महासचिव दाहालले जानकारी दिए ।




## सम्पादकीय

# भुकम्प जोखिम न्युनिकरण कार्यक्रम फितलो

सुदुरपश्चिमको पहाडी क्षेत्र केन्द्र भएर पटक–पटक सानोदेखि मध्यम खालका भुकम्पका झट्काले समाजमा त्रास उत्पन्न गऱ्यो, त्रास भुकम्पका यी झट्काले मात्रै गरेको नभई अब पश्चिम नेपालमा ठूलो भुकम्प जानसक्छ भन्ने विज्ञहरुको चेतावनीले पनि हो । पश्चिम नेपालमा भुकम्प नगएको पाँच सय वर्ष भइसकेको छ । यति लामो समयसम्म भुकम्प जाने शक्ति जम्मा भएर बसेकोले जुनसुकै बेला भुकम्प जानसक्छ भने पूर्वानुमान गर्दै जोखिम न्युनिकरणका लागि विज्ञहरुले सचेत गराइरहेका छन् । जोखिम न्युनिकरणका लागि पूर्वतयारीका लागि बारम्बार सजग गराउँदा समेत सरकारको ध्यान पुगेको छैन् ।

विसं १९९० माघ २ गतेको भूकम्पको स्मृतिमा २०५५ सालदेखि हरेक वर्ष सोही दिनलाई भूकम्प सुरक्षा दिवसका रुपमा मनाइँदै आइएको छ । भूकम्प सुरक्षा दिवसलाई देशव्यापी रुपमा एकरुपता कायम हुने गरी व्यवस्थित र प्रभावकारी बनाउन भूकम्प सुरक्षा दिवस मार्गदर्शन– २०७१ तर्जुमा समेत गरिएको छ । दिवसमा गोष्ठी, छलफल लगायत कार्यक्रम हुन्छन् । तर भुकम्प जोखिम न्युनिकरणका लागि गर्नुपर्ने काम पटक्कै नहुँदा ठूलो क्षति सन्निकट छ ।

भुकम्प जोखिम न्युनिकरणका लागि भवन संहिता अनिवार्य लागु गर्ने योजना बन्यो तर कार्यान्वयनमा आउन सकेको छैन् । अहिलेसम्म ५० स्थानीय तहले भवन संहिता कार्यान्वयन गरेका छन् । अरु स्थानीय तहले बेवास्ता गर्दा संघीय सरकारले सचेत गराउन चुकेको छ । भूकम्पबाट सुरक्षित रहन सुदृढ पूर्वतयारी हुनुपर्छ । बलियो संरचना बनाउन सक्दा मात्रै भुकम्पको जोखिम न्युनिकरण हुनसक्छ । विगतका भूकम्पबाट सिकेको पाठ भूकम्पीय जोखिम न्यूनीकरण गर्नुपर्छ भन्ने हो । तर यो सिकाई व्यवहारमा उत्रन सकेन् । तहगत सरकार, गैरसरकारी निकाय र नागरिक सबै जोखिम न्युनिकरणका लागि गर्नुपर्ने काम गर्न चुकेका छन् ।

पूर्वतयारीको अभावमा जाजरकोट भूकम्पपीडितले अझै पनि पूर्णरुपमा राहत पाएका छैनन् । पूर्वतयारी नहुँदा भूकम्पपछि लामो समय नागरिकले दुःख झेल्दै आएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार जाजरकोटको भूकम्पबाट प्रभावित भइ पुनःनिर्माण गर्नुपर्ने निजी आवासको संख्या ९५ हजार सातसय ८७ छ । भूकम्प, बाढीपहिरो जस्ता प्राकृतिक विपद्बाट क्षति पुगेका विभिन्न संरचनाहरुको पुनःनिर्माण तथा पुनःस्थापना योजनाको योजना कार्यान्वयनका लागि रु एक खर्ब एक अर्ब १२ करोड लागत लाग्ने अनुमान गरिएको छ । स्रोत व्यवस्थापन गरी संरचना निर्माणको प्राथमिकता र योजनामा पनि नेपाल कमजोर रहँदै आएको छ ।

भूकम्पबाट हुने क्षति न्यूनीकरणका लागि राष्ट्रिय संकल्प आवश्यक छ । राष्ट्रिय संकल्पबाट नै भुकम्पबाट हुने विपदसँग जुध्न सकिन्छ । विपद्को सामना एकल प्रयासबाट मात्रै संभव हुने विषय होइन्, सामुहिक प्रयासले नै विपद्को सामना गर्न सकिन्छ ।

# स्वास्थ्य, शान्ति र समृद्धिका लागि योग





विष्णुहरि आचार्य (योगिराज)

> योगको अर्थ आफ्नो चेतना ( अस्तित्व)द्वारा आफूभित्र रहेको शक्तिलाई विकास गरी आत्मको साक्षात्कार एंव पूर्ण आनन्दको प्राप्ति हो। विधि पूर्वक नियमित गरिने प्रयोगात्मक योग अभ्यासले हाम्रो लुकेको चेतना शक्तिको विकास हुन्छ। शरिरभित्र निष्कृय बन्दै गएका कोष तथा तन्तुहरुको पुर्नजागरण भइ नया तन्तुहरु र कोशिकाहरु निर्माण हुन्छन् ।

स्वस्थ सामाज, समृद्ध नेपाल र बिश्व शान्तिका लागि योग भन्ने आदर्श वाक्य संदेशका साथ दसौं राष्ट्रिय योग दिवस आज माग १ गते मनाइदै छ। योग सार्वकालिन, सार्वजनिक र सार्वभौमिक विषय हो ।

सत्ययुग, त्रेतायुग र वर्तमान २१ सौं शताब्दीमा आएर पनि योगको महत्व अझ धेरै बढेको पाइन्छ । सबै धर्म सम्प्रदायका ब्यक्तिहरुले योगलाई आफ्नो आफ्नो तरिकाबाट गर्ने गर्दछन् । त्यसैले पनि योग सबैको सार्वजनिक विज्ञान हो । पूर्वीय चिकित्सा विधाको योग अहिले आएर अमेरिका तथा युरोपियन देशहरु सबैको सार्वभौमिक बन्दैछ । त्यसैले योगलाई २१ सौं शताब्दीमा सबैको साझा विषय बनाएर अध्ययन गरिदैछ । सर्वप्रथम त आफूले योग गरौ अनि त्यो संदेश समाजका लागि दिउभन्ने आदर्श वाक्य अहिले आएर व्यापक र बिस्तार हुँदैछ। त्यसैले योग अहिले आएर शान्ति र समृद्धिको आधार संघ जोडिदै छ।

योग शब्द वेद उपनिषद् गीता एवं पुराणहरुमा पौराणिक कालदेखि ब्यापक हुँदै आएको छ । नेपाल भूमिमा योग शब्द एक अति महत्वपूर्ण दर्शन हो । आत्मदर्शन र समाधिदेखि कर्मक्षेत्रसम्म योगको अर्थ ब्यापक र ब्यवहारिक छ । शिव मत्स्येन्द्रनाथ, गोरखनाथ र गौतम वुद्ध तथा खप्तड बाबा जसले नियमित योग अभ्यासबाट प्राप्त गरेको आफ्नो उद्देश्य र योग शिक्षा हाम्रा लागि महत्वपूर्ण दर्शन हो। योग दर्शनका पिता महर्षि पतञ्जलीले योग शब्दको अर्थ चित्तवृत्तिको निरोध हो भनेर ब्याख्या गरेका छन् ।

चित्त अर्थात् मनका वृत्तिहरु ५ वटा छन्। जुन यस प्रकार रहेका छन, प्रमाण, विपर्यय, विकल्प, निद्रा एव स्मृति । यी सधैंभरी मानव मनभित्र सल्बलाइरहने वृत्तिहरुलाई जव नियमित योग अभ्यास वा साधनाद्वारा हाम्रो मनको प्राकृतिक स्वरुपमा ल्याउन सक्नु नै योग हो । हाम्रो मन ५ अवस्थामा घुमिरहन्छ । ती हुन्, क्षिप्त, मुढ, विक्षिप्त, एकाग्र एंव निरुद्ध । जसलाई योग विज्ञानमा चित्तका ५ अवस्था भनेर अध्ययन गरिन्छ ।

जब मनमा चञ्चलता बढ्दछ, त्यो अवस्थामा मनले कुनै पनि निर्णय गर्न सक्दैन। त्यो क्षिप्त अवस्था हो । त्यस्तै कुनै पनि काममा असफलता, अनुकुलता, प्रतिकुलता, जित, हार जस्ता भावनात्मक आक्रोश र आवेगमा संमयित हुन नसक्नु मुढ अवस्था हो भने अचानक आइपर्ने दुःखद खबर, रोगब्याधि र दुर्घटना जन्य कारणहरुबाट मनमा उत्पन्न हुने तरगंहरुको अवस्था विक्षिप्त (मनोरोग) हो ।

क्षिप्त, मुढ, विक्षिप्त यी तीन अवस्थामा कमजोर भएको मनलाई नियमित योग साधना र ध्यान द्धारा एकाग्रतामा प्रवेश गराई मनका वृत्तिहरुलाई निरुद्ध (रोक्नु) गर्नु योग हो । जुन अवस्थामा मनले वितर्क, विचार, आनन्द र अशिमताका भावहरु ब्यक्त गर्न सक्दछ ।

दत्तात्रेय योग शास्त्र तथा योगराज उपनिषदमा योगलाई ४ प्रकारमा राखेर अध्यान गरिएको छ । ती हुन्, मन्त्रयोग, लययोग, हठयोग र राजयोग ।

**मन्त्रयोग**ः कुनै खास उद्देश्य प्राप्त गर्नका लागि विधि पूर्वक मन्त्रहरु जप्ने अभ्यासलाई मन्त्रयोग भनिन्छ । जसको परिणाम साधकले विशेष सिद्धि प्राप्त गर्दछ ।

**लययोग**ः आफूले गर्ने दैनिक काम काजमा सफलता प्राप्तीको उद्देश्य राख्दै सकरात्मक भावनाका साथ ईश्वरको ध्यान गर्नु लययोग हो । जहा साधकले एक विशेष कर्मको अनुभुति गर्दछ ।

**हठयोग**ः आसन, प्राणायाम, मुद्रा र वन्धहरुको विधि पूर्वक अभ्यासद्धारा मनलाई सकरात्मक उर्जा दिनु हठयोग हो। जसले शरिर स्वस्थ्य राख्न महत्वपूर्ण भुमिका खेल्दछ ।

**राजयोग**ः यम, नियम, आशन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिको विधि पूर्वक अभ्यासबाट चित्त(मन) लाई शुद्ध गरि ज्योर्तिमय आत्मलाई साक्षात्कार गर्नु राजयोग हो । महर्षि पतञ्जलीद्धारा प्रतिपादन गरिएको अष्टांग योग पनि राजयोग नै हो । जसले साधकलाई समाधि प्राप्ती सम्मको उच्च उद्देश्य प्राप्ती हुन्छ ।

योगको अर्थ आफ्नो चेतना( अस्तित्व)द्वारा आफूभित्र रहेको शक्तिलाई विकास गरी आत्मको साक्षात्कार एंव पूर्ण आनन्दको प्राप्ति हो। विधि पूर्वक नियमित गरिने प्रयोगात्मक योग अभ्यासले हाम्रो लुकेको चेतना शक्तिको विकास हुन्छ । शरिरभित्र निष्कृय बन्दै गएका कोष तथा तन्तुहरुको पुर्नजागरण भइ नया तन्तुहरु र कोशिकाहरु निर्माण हुन्छन् ।

नियमित योगका शुष्म कृयाहरुबाट शुष्म स्नायु तन्त्रमा सकरात्मक उर्जा थपिन्छ। जसले गर्दा आन्तरिक शरिरका सम्पूर्ण कोष, अंग, प्रत्यगंमा अक्सिजन तथा रक्तसञ्चालन क्रिया बढ्दछ । शरिर विज्ञानको सिद्धान्त अनुसार शरिरको संकोचन, विमोचन, कर्षण, विकर्षण, आकुंचन, प्रसारण र शिथिलिकरणको अभ्यासले मानव शरिर भित्रका सम्पूर्ण कोष , तन्तुहरु, अंगहरु र प्रणालीहरुले गर्ने काममा उर्जा थपिन्छ ।

शरिरका ग्रन्थी र मांसपेशीहरु सक्रिय हुन्छन् । हर्मनहरु क्रियाशिल हुन्छन्, पाचन क्रिया बढ्दछ, मुटु तथा फोक्सोको काम गर्ने क्षमतामा वृद्धि हुन्छ, उच्च रक्तचाप र स्वासप्रस्वास जन्य रोगहरु न्यूनिकरण हुन्छन्। मोटोपनलाई कम गर्न सकिन्छ । नियमित योग अभ्यासजन्य दिनचर्याले सात्विक तथा सन्तुलित आहार प्रयोगमा अनुशासित बनाउँछ । बदलिँदै गरेको जीवनशैलीलाई परिवर्तन गर्न सिकाउँछ ।

शारिरीक निष्कृयताका कारणले उत्पन्न हुने धेरै रोगहरु न्यूनिकरणमा महत्वपूर्ण भुमिका खेल्दछ । मधुमेह, उच्च रक्त चाप, स्वासप्रस्वास जन्य समस्या र क्यान्सर जस्ता नसर्ने रोगका कारणले हुने उच्च मृत्युदरलाई कम गर्दै ती रोगमा लगानी भएको देशको आर्थिक भारलाई घटाउन सकिन्छ । नियमित योग अभ्यासबाट ध्रुमपान तथा मध्यपानको लतलाई हटाउन सकिन्छ । जसले कुलत जन्य अन्य कारणहरु कम गर्न पनि महत्वपूण टेवा मिल्नेछ ।

बदलिदो जीवन शैलीसंगै काम , क्रोद, लोभ, मोह र भयका कारण अहिले आम नागरिकमा मानसिक रोगको क्रम बढ्दो अवस्थामा छ। नियमित योग अभ्यासले हाम्रो शरिर जन्य रोगहरु मात्रै हैन मनको विचलनबाट उत्पन्न हुने मानसिक रोगहरुलाई समेत कम गर्दै स्वास्थ्य, शान्ति र समृद्धिको दिशा निर्देशमा महत्वपूर्ण भुमिका खेल्ने छ। त्यसैले स्वस्थ समाज,समृद्ध नेपाल र बिश्व शान्तिका लागि योग भन्ने संदेशलाई ब्यबहारिक बनाउँदै दसौं राष्ट्रिय योग दिवस भब्य रुपमा मनाउ । सबैमा शुभकामना ।

(लेखक आयुर्वेद स्वास्थ्य केन्द्र रुकुम पूर्वका कार्यालय प्रमुख तथा योग अभियान्ता हुन् )

# साइकल चलाउन थालेपछि फेरियो जीवन

जानकी (बाँके) । नेपाल प्रहरीको प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सञ्जीव शर्मालाई गाडी चढ्नभन्दा धेरै साइकल चलाउन मन पर्छ । छ वर्षदेखि उनी प्रायः साइकलमा नै आफ्ना दैनिकीलाई चलाउँदै आउनुभएको छ । आफू कार्यरत जिल्लाहरूमा लामो दूरीको यात्राबाहेक उनी साइकलमा नै आवतजावत गर्ने गर्छन् । सरकारले सेवा सुविधा र सुरक्षाको विषयलाई मध्यनजर गर्दै उपलब्ध गराएको गाडीलाई उनले छोटो दूरीमा प्रयोग नगरेको छ वर्ष भएको छ । “मैले साइकल चलाउन सुरु गरेदेखि नै मैले गाडी खासै प्रयोग गर्दिन”, उनले भने, “इन्धन प्रयोग गरिएका सवारी साधनभन्दा हिजोआज मलाई प्रदूषणरहित साइकल नै मन पर्छ ।” उनी घरदेखि बजारसम्मको काममा प्रायः साइकलमै जाने गर्नुहुन्छ । उनीलाई हिजोआज साइकलजस्तो सजिलो सवारीसाधन अरु केही लाग्दैन ।

विसं २०७४ देखि साइकल चलाउन सुरु गर्नुभएका शर्माले विभिन्न जिल्लामा आयोजित साइकल दौड प्रतियोगितामा भाग लिंदै आउनुभएको छ । प्रहरी विभागमा नै साइकल चलाउने प्रहरीको रुपमा चिनिन्छन् उनी । २०५३ सालमा प्रहरी निरीक्षक पदबाट जागिरे जीवनको सुरुआत गर्नुभएका शर्माले प्रहरी उपरीक्षक (एसपी) भएलगत्तै साइकल चलाउन सुरु गरे । उनका अनुसार साइकल चलाउन थालेदेखि नै नशासम्बन्धी समस्याहरू पनि समाधान भएको छ । साइकल ‘राइडर’ भएदेखि नै आफू शाकाहारी भएको पनि उनले बताए ।

हाल नेपाली राजदूतावास नयाँदिल्लीमा कार्यालय प्रमुखको रुपमा कार्यरत ५२ वर्षीय प्रहरी वरिष्ठ उपरीक्षक शर्मा साइकल राइडर बन्नका लागि आफू विश्व साइकल यात्री पुस्कर शाहीबाट प्रेरित भएको बताउँछन । २०७७ सालमा शाहीसँग उनले १७ हजार किलोमिटरको मेची-महाकाली साइकल यात्रासँगै गरेका थिए ।

शर्माका अनुसार साइकल चलाउने क्रमलाई उनले निरन्तरता दिँदै जानुभयो । २०७८ सालमा पाँच सय किलोमिटरको काठमाडौं-विराटनगर, टुँडिखेल-धुलिखेल, काठमाडौं-कोरा, तरहरा-कोरासँगै धरान-विराटनगर हुँदै ‘टुर दि ठाकुरद्वार’लगायत २० भन्दा बढी साइकल यात्रा पूरा गरी सकेका छन् ।



आफूले साइकल चलाउन सुरु गरेपछि पारिवारिक वातावरण नै साइकलमय भएको एसएसपी शर्माको भनाइ छ । “मैले साइकल चलाउन सुरु गरेको केही समयपछि घरमा अहिले प्रायः सबैले साइकल नै चलाउँछन्”, उनले भने, “साइकलले स्वस्थ्य र वातावरण दुवैलाई फाइदा पुग्ने हुनाले अहिले परिवारमा सबैको आ-आफ्नो साइकल छ । टाढाको दूरीबाहेक हामीले साइकलमा नै आफ्ना दैनिकी चलाएका छौं ।” शर्माले पाँच लाख मूल्य बराबरको साइकल चलाउँदै आउएका छन् ।

नेपाल प्रहरीमा साइकल चालकका रुपमा पहिचान बनाउन सफल एसएसपी शर्मालाई पछ्याउँदै अहिले १२ प्रहरीले साइकल चलाउन सुरु गरेका छन् । साइकल चालकका रुपमा नेपाल प्रहरीका अन्य कर्मचारीहरूले पनि आफ्नो पहिचान बनाउन लागेको कुराले निकै नै खुसी लागेको उनको भनाइ छ ।

एसएसपी शर्माजस्तै साइकल ‘राइडर’ बनेर प्रहरी सङ्गठमा एउटा बेग्लै पहिचान बनाउन सफल छन प्रहरी निरीक्षक (प्रनि) रवीन्द्र चन्द पनि । सुदूरपश्चिम प्रदेश बैतडी सुर्नया गाउँपालिका-२ का चन्दले तीन वर्षअघि साइकल चलाउन सुरु गर्नुभएको हो । साइकल चलाउँदा शारीरिक र मानसिक अवस्था स्वस्थ हुनुका साथै पर्यावरण र पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्ने चन्दको भनाइ छ । “साइकल चलाउँदा हाम्रो शारीरिक रुपमा हामी स्वस्थ हुनुका साथै हामीले शान्त वातावरणमा लामो दूरीको यात्रा तय गर्ने भएको हुनाले ती सबै प्राकृतिक वातावरणलाई पनि क्यामेरामा कैद गर्न सक्छौं”, उनले भने, “राइड गर्दा क्यामेरामा कैद गरिएका तस्बिरहरूलाई सामाजिक सञ्जालमा पोष्ट गर्दैगर्दा त्यसले पर्यावरण र पर्यटन प्रवर्द्धनमा पनि प्रचारप्रसारमा सहयोग पुग्ने गर्छ ।”

बाँके बसाईपछि हाल इलाका प्रहरी कार्यालय ठाडा अर्घाखाँचीमा कार्यरत प्रनि चन्दले समय मिलेसम्म अर्घाखाँचीको पहाडी बाटाहरूमा साँझ-बिहान गरी दिनको कम्तिमा पाँच/छ घण्टा साइकल चलाउने गर्छन् । उनले भारतमा आइपिएसको तालिमका क्रममा साइकल चालक बन्ने अठोट गरेको बताउनुभयो । “मेरो साइकलप्रति रुचि आइपिएस तालिममा सहभागी भएपछि नै बढेको हो” उनले भने, “डिजिटल मिडियाहरूमा साइकलसम्बन्धी धेरै फोटो र भिडियो हेरे पनि आइपिएस तालिमबाट मलाई साइकल ‘राइडर’ बन्ने चाहना जागेको हो ।”

प्रहरी सङ्गठनमा एसएसपी शर्मा र प्रनि चन्दजस्तै साइकल चालककै रुपमा दुई वर्षदेखि बाँकेमा चिनिँदै आउनुभएको छ प्रहरी नायब निरीक्षक रविन्द्रबम ठकुरी पनि । रविन्द्रले हालसम्म १० हजार किलोमिटरको साइकल ‘राइड’ गरी सकेका छन् । साइकल चलाउन सुरु गरेदेखि उनले सयदेखि एक सय १५ किलोमिटरसम्मको दूरीमा पनि साइकल चलाएका छन् ।

‘कोरा इभेन्ट च्यालेन्ज २०२४’ मा उनले सय किलोमिटर र गतवर्ष बर्दियाको ठाकुरद्वारामा सम्पन्न “टुर दी ठाकुरद्वार” साइकल इभेन्टमा उनले एक सय १५ किलोमिटरको साइकल ‘राइड’ गरेका थिए ।

नेपाल प्रहरीमा जागिर खानुभन्दा पहिले नै उनी खेलप्रेमी भएको हुनाले उनीलाई स्वस्थ जीवन कसरी जीउन सकिन्छ भन्ने कुराको राम्रो ज्ञान छ । कराँतेमा ‘ब्ल्याकबेल्ट’ पाइसकेको हुनाले प्रनानि बमलाई शारीरिक र मानसिक रुपमा तन्दुरुस्त रहनुपर्छ भन्ने थाहा छ । साइकलले स्वस्थ रहन मद्दत गर्छ भन्ने कुरा बुझेको हुनाले बमको दैनिकी साइकल चलाएरै बित्ने गर्दछ । घरदेखि कार्यालयमा जाँदा र बजारमा जानुपर्दा उनी प्रायः साइकलमा नै जाने र आउने गर्छन् ।

विशेषगरी साइकल तराईका क्षेत्रहरूमा धेरै चलाएको पाइन्छ । सामान्यतः किसान र खुद्रे व्यापारीहरूले सामान्य साइकल चलाउनुलाई तराईमा सामान्य नै मानिन्छ । पछिल्लो समय शहरी क्षेत्रमा पनि साइकलप्रति मानिसको मोह बढ्दै गइरहेको छ । सरकारी वा गैरसरकारी कार्यालायहरूमा काम गर्नेहरूले साइकललाई नै प्राथमिकता दिन थालेका छन् ।

## विश्व:

# लस एन्जलस आगलागी अमेरिकी इतिहासकै ठूलो



बुटवल । अमेरिकाको लस एन्जलसमा फैलिरहेको डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन । आगो नियन्त्रणमा ल्याउन अग्नि नियन्त्रकले प्रयास गरिरहेका छन् ।

लस एन्जलस डढेलो अमेरिकी इतिहासकै सबैभन्दा महँगो डढेलो बन्न सक्ने अनुमान गरिएको समाचार संस्था गार्डियनको समाचारमा उल्लेख गरिएको छ ।

डढेलोले अहिलेसम्म कम्तिमा २४ जनाको ज्यान लिएको छ भने हजारौँ विस्थापित भएका छन् । आगलागीमा परि १२ हजारभन्दा बढी संरचनाहरू ध्वस्त भएका छन् र १ लाख मानिसलाई सुरक्षित स्थानमा जान आदेश दिइएको छ।

मौसमविद्हरूले बुधबारसम्म ४० माइल प्रतिघण्टा (६४ किमी/घण्टा) को निरन्तर हावा र पहाडमा ६५ माइल प्रतिघण्टा (१०५ किमी/घण्टा) सम्मका झोक्काहरू चल्नसक्ने भविष्यवाणी गरेका छन् । अग्नि व्यवहार विश्लेषक डेनीस बर्न्सका अनुसार सोमबारबाट हावा तीव्र बनेको र मंगलबारसम्म थप बलियो हुने सम्भावना छ ।

डढेलो गत मंगलबार सुरु भएको थियो । जुन सान्टा एना हावाको तीव्रताले झन् भयावह बनेको समाचारहरुमा जनाइएको छ । क्याल फायरका अनुसार पालिसेड्स, ईटन, केनेथ र हर्स्ट डढेलोले लगभग १६० वर्ग किलोमिटर क्षेत्रफल नष्ट गरेको छ ।

तटीय क्षेत्रमा फैलिएको पालिसेड्स डढेलोले आठ जनाको ज्यान लिएको छ भने भित्री क्षेत्रमा फैलिएको ईटन डढेलोले १६ जनाको मृत्यु गराएको छ । लस एन्जलस काउन्टी मेडिकल एक्जामिनरको कार्यालयका अनुसार कम्तीमा २३ जना हराइरहेका छन्, र यो संख्या अझ बढ्नसक्ने अनुमान छ।

डढेलो कसरी सुरु भयो भन्ने अझै पत्ता लागेको छैन । यो डढेलो अमेरिकी इतिहासकै सबैभन्दा महँगो बन्न सक्ने अनुमान छ। एक्युवेदरले यो डढेलोले २५० अर्बदेखि २७५ अर्ब डलर (३७० खर्ब नेपाली रुपैयाँभन्दा बढी) को क्षति पुऱ्याउन सक्ने अनुमान गरेको छ । यो क्षति नेपालको बजेटको आकारभन्दा २० गुणा ठूलो हो । नेपालको बजेट करिब १९ खर्ब रूपैयाँ बराबरको छ । जसअनुसार डढेलो कारण बेहोरेको क्षति नेपालको बजेटभन्दा कयौं गुणा भएको पाइएको हो ।

अमेरिकी नेशनल वेदर सर्भिसले सोमबार रातिदेखि मंगलबारसम्म डढेलोका लागि 'विशेष रूपले खतरनाक अवस्था' हुने चेतावनी दिएको छ । आठ महिनाभन्दा बढी समयदेखि कुनै महत्त्वपूर्ण वर्षा नभएको कारण सान्टा एना हावाले डढेलोलाई अझ घातक बनाएको छ ।

एलए काउन्टी रिकभर्स नामक सरकारी कार्यक्रमले प्रभावित क्षेत्रका क्षतिग्रस्त संरचनाहरू देखाउन इंटरेक्टिभ नक्शा सार्वजनिक गरेको छ । यसमा घर, व्यापारिक भवनजस्ता संरचनाहरूको स्थिति र क्षतिको स्तर हेर्न सकिन्छ । हाल १ लाख मानिसलाई सुरक्षित स्थानमा जान आदेश दिइएको छ। सोमबार, करिब १.५ लाख मानिसलाई दिइएको आदेश घटाएर यो संख्या कम गरिएको थियो, तर उच्च हावाको पुनरागमनले थप मानिसलाई स्थानान्तरण गर्नुपर्नेसक्छ।

डढेलो नियन्त्रणका प्रयासहरू पनि जारी छन् । सोमबार बिहानसम्म, पालिसेड्स डढेलो १४% र ईटन डढेलो ३३% नियन्त्रणमा आएको छ । केनेथ डढेलो पूर्ण रूपमा नियन्त्रणमा ल्याइएको छ, जबकि हर्स्ट डढेलो ९५% नियन्त्रणमा छ।

यो डढेलोले लस एन्जलसका धेरै जनघनत्व भएका क्षेत्रहरू जस्तै प्यासिफिक पालिसेड्स र अल्टाडेना लगायतलाई प्रभावित पारेको छ। रियल इस्टेट डाटा ट्र्याकर कोरलोजिकको तथ्यांक अनुसार डढेलो प्रभावित क्षेत्रमा रहेका संरचनाहरूको पुनर्निर्माण लागत १४.८ अर्ब डलर (२० खर्ब नेपाली रुपैयाँ) पुग्नसक्छ ।

डढेलोका कारण होटल, भाडामा दिइने घर र औषधिजन्य सामग्रीमा मूल्यवृद्धि भएको छ । त्यस्तै ति क्षेत्रमा ठगी बढेको र राहतका नाममा नक्कली व्यक्तिहरुले चन्दा मागिरहेको अधिकारीहरूले बताएका छन् ।

# ६ महिनामा सरकारी खाता ९३ अर्बले घाटामा

काठमाडौं । चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा मात्रै सरकारी खाता ९३ अर्बले घाटामा गएको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार साउन-पुस अर्थात् यो आवको ६ महिनाको अवधिमा सरकारले कर, गैरराजस्व कर र अनुदान गरेर कुल आम्दानी ५ खर्ब ७४ अर्ब ७६ करोड ७९ लाख गरेको छ । यस अवधिमा सरकारलाई वैदेशिक अनुदानबापत ७ अर्ब ३७ करोड ६ लाख रुपैयाँ प्राप्त भएको छ । यो आवमा सरकारले ५२ अर्ब ३२ करोड ६५ लाख रुपैयाँ अनुदानको लक्ष्य राखेको छ ।

आर्थिक वर्षको ६ महिना पूरा हुँदा समेत सरकारले कर र गैर कर गरेर लक्ष्यको ३९ प्रतिशत मात्रै सङ्कलन गरेको छ भने अनुदान १४.७५ प्रतिशत मात्रै प्राप्त गर्न सकेको छ ।

६ महिनाको अवधिमा ५ खर्ब ७४ अर्ब ७६ करोड आम्दानी गर्दा खर्च भने ६ खर्ब ६७ अबै ६० करोड भएको छ । यो कुल लक्ष्यको ३६ प्रतिशत हो ।

यो अवधिमा चालुतर्फ ३९.६३ अर्थात् ४ खर्ब ५२ अर्ब ३० लाख खर्च भएको छ । पुँजीगततर्फ ५६ अर्ब ९३ करोड ५० लाख मात्रै खर्च भएको छ । यो रकम कुल वार्षिक लक्ष्यको १६ प्रतिशत मात्रै हो । त्यसै गरी वित्तीय व्यवस्थातर्फ १ खर्ब ५८ अर्ब ६६ करोड ३९ लाख खर्च भएको महालेखा नियन्त्रकको तथ्याङ्क छ । यो भने लक्ष्यको ४३ प्रतिशत हो ।

समग्रमा सरकारले ६ महिनाको अवधिमा वार्षिक लक्ष्यको ३९ प्रतिशत आम्दानी गरेको छ भने ३६ प्रतिशत खर्च गरेको छ । आम्दानी र खर्च बिचको सन्तुलन नमिल्दा सरकारले आन्तरिक तथा बाह्य ऋण उठाएर मिलाउने गरेको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि ३ खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ विकास निर्माण अर्थात् पुँजीगत शीर्षकमा छुट्याएको छ । १८ खर्ब ६० अर्ब ३० करोडको कुल बजेटमा पुँजीगतमा छुट्याइएको बजेट न्यून हो । तर यही रकम पनि खर्च हुन सकेको छैन ।

६ महिना पूरा हुँदासमेत विकास बजेटमा छुट्याइएको १६ प्रतिशत मात्रै खर्च भएको महालेखा नियन्त्रकको तथ्याङ्क छ । जसले गर्दा विकासका गतिविधि कुन अवस्थामा छन् भने प्रस्ट हुन्छ । भएकै विकास बजेट खर्च हुन नसक्दा बनिरहेका आयोजनाको अवस्था नाजुक छ । निर्माणका गतिविधि निकै सुस्त भएका छन् । निर्माण व्यवसायीले भुक्तानी प्राप्त गर्न सकेका छैनन् ।

निजी क्षेत्रतर्फको कर्जा लगानी पनि असाध्यै न्यून छ । बैंकमा साढे ६ खर्ब लगानी गर्न सकिने रकम थुप्रिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष पहिलो त्रैमासमा मुलुकको आर्थिक वृद्धिदर ३.४ प्रतिशत रहने प्रक्षेपण गरेको छ । विश्व बैंकले चालु आवमा ५.१ प्रतिशत र एसियाली विकास बैंकले ४.९ प्रतिशत आर्थिक वृद्धिको प्रक्षेपण गरेका छन् । सरकारले ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेको छ । तर सरकारी खर्च र आम्दानीको अवस्था तथा विकास निर्माण, लगानी, व्यवसायिक वातावरण लगायतको अवस्थाले यो लक्ष्य धान्न गाह्रो हुने जानकारहरूको भनाइ छ ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा. भरत न्यौपाने विकासका लागि छुट्याएको रकम नै खर्च नभएको अवस्थामा मुलुकले लक्षित गरेको आर्थिक वृद्धि हासिल गर्न सम्भव नहुने बताउँछन् ।

'६ महिना पुग्दा १६ प्रतिशत मात्रै पुँजीगत खर्च हुनु निकै लज्जास्पद कुरा हो । सरकारले अब यो अवस्थाको समीक्षा मात्रै गरेर मात्रै पुग्दैन, काम गर्ने शैली र प्रवृत्ति नै पुनर्संरचना गर्नुपर्छ,' उनले भने, 'सुरुवातमा यस्तै अवस्था रहने र आवको अन्त्यमा एकै पटक खर्च गर्दा त्यसको पारदर्शिता र गुणस्तरमा स्वाभाविक प्रश्न उठ्छ ।' अहिलेको आर्थिक गतिविधि र सरकारी तथ्याङ्कको अवस्थाले यो आवको पनि अन्त्यमा खर्च गर्ने प्रवृत्ति फेरि दोहोरिने पक्का भएको उनको भनाइ छ ।

**मायादेवी...**

यहाँको लागि यो ठूलो कुरा हो जस्को लागि निजी क्षेत्र र सरकारी तहबाट लुम्बिनीको प्रवर्द्धन गर्नुपर्छ । 'प्राचीन तीर्थस्थलमा नयाँ मन्दिर र ध्यान केन्द्रको भ्रमण गर्नुहोस्' भन्दै न्यूयोर्क टाइम्सले लुम्बिनीबारे संक्षिप्त परिचय समेत राखेको छ ।

त्यसमा लेखिएको छ- हजारौं वर्ष पहिले मायादेवी नामकी रानीले लुम्बिनीको बगैंचामा बुद्ध सिद्धार्थ गौतमलाई जन्म दिएकी थिइन् ।

त्यतिबेलाका पुरातन भग्नावशेष र समकालीन बौद्ध केन्द्रहरुले भरिएको तीर्थस्थल भएको छ लुम्बिनी ।

विनाशकारी भूकम्पले नेपाललाई हल्लाएको १० वर्षपछि नयाँ मन्दिर र ध्यान केन्द्रहरु खुलिरहेका छन् ।

पत्रिकाले लुम्बिनीको संक्षिप्त परिचयमा गत नोभेम्बरमा खुलेको 'थाउजेण्ड टेम्पल'बारे चर्चा गरेको छ । फोटो पनि सोही टेम्पलको भित्ताको पेन्टिङलाई राखिएको छ ।

'थाउजेण्ड टेम्पल'तीनतले तिब्बती शैलीको बिहार हो । यो बिहारभित्र १८ इन्च अग्ला हजार बुद्धका प्रतिमाहरु छन् । साथै त्रिकाल बुद्धका १६ फिट अग्ला तीन प्रतिमा पनि देख्न सकिन्छ ।

न्यूयोर्क टाइम्सले समेटेको विश्वका उत्कृष्ट गन्तव्यस्थलको सूचीको पहिलो नम्बरमा इंग्ल्याण्डको जेन अस्टिन, इक्वेडरको ग्यालापागोस द्वीप, न्यूयोर्क म्युजियम, भारतको आसाम, थाइल्याण्डको ह्वाइट लोटस लगायत छन् ।


## Bhumikasthan Municipality
## Office of the Municipal Executive
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

# Invitation for Bids

**For the Procurement and supply of Mini Tiller**

Date of publication: 16-01-2025 (2081-10-03)

1. The Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the procurement of Procurement and supply of Mini Tiller under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.3000/- as bidding document fee in the account as specified below:

***Information to deposit the cost of bidding document in Bank:***
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800138
- Office Code No.: 801055101
- Revenue Code No.: 14249
- Account Name : Internal Revenue.

4. Bid Security must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

***Information to deposit the BID Security Amount in Bank:***
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800048
- Account Name :Dharouti Account.

5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 04-02-2025 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 16-02-2025 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16-02-2025 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | BID Price | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|
| 33/BMA/G/MT/ 2081/082 | Procurement and supply of Mini Tiller | NRs. 3000.00 (Not Refundable) | 54,500 | 90 Days |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



## बुटवल उपमहानगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
**बुटवल, रुपन्देही**

## सच्चाईएको

( प्रकाशित मिति :- २०८१/१०/०३)

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट राष्ट्रिय दैनिक लुम्बिनीको बर्ष ३७ अंक १३ मिति २०८१/०९/२३ गते प्रकाशित देहाय बमोजिमको वोलपत्र आह्वान सम्बन्धी सूचनामा देहाय बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ ।

देहाय

| ठेक्का नं | Description of works | Last date of Bid Submission and Tim | Date of Bid Opening and Time |
|---|---|---|---|
| 17/081-82/ BSMC/ Works/NCB | Re-Construction of Black Topped Road with Side Surface Drain,Shanti Path, Butwal - 08, Rupandehi | 2081/11/04 B.S Time upto 12.00hrs | 2081/11/04 B.S. Time at 13.00 hrs |

Note.Pre-bid Meeting shall be held at Urban Infrastructure Development Division , Date : 2081/10/24 Time 13:00 hrs

**खरिद इकाई**
**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपापिलकाको कार्यालय**



## बुटवल उपमहानगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
**बुटवल, रुपन्देही**

## बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

(प्रकाशित मिति :- २०८१/१०/०३)

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०८।१६ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार म्यादभित्र दर्ता हुन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|
| 18/081/ 082/BSM | बुटवल उपमहानगरपालिका वडा नं.३ स्थित ईलाका प्रहरी कार्यालय बुटवलको कम्पाउण्ड वाल निर्माण, जनज्योति आधाभूत विद्यालय भौतिक पूर्वाधार निर्माण बोमघाट क्षेत्र बस्ती संरक्षण रिटेनिङ्ग वाल निर्माण कार्य । | श्री राई निर्माण सेवा, बुटवल-११, रुपन्देही | रु.२५,४४,२०४/५३ |
| 20/081 /82/BSMC/ Works/NCB | बुटवल उपमहानगरपालिका वडा नं.१३ स्थित जवई मैदान जाने सडक, नाली तथा कल्भर्ड निर्माण कार्य । | श्री पटेल कन्स्ट्रक्सन, शुद्धोधन-०७, रुपन्देही | रु.३१,०६,४३७.०५ |

**खरिद इकाई**
**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपापिलकाको कार्यालय**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

न्यु होराइजनछात्रा भलिबलः

# एभरेष्ट,कुंवरवर्ती, कालिका र न्यू होराइजन सेमिफाइनलमा



बुटवल । बुटवलमा जारी तेस्रो रुपन्देही जिल्लास्तरीय छात्रा भलिबलमा एभरेष्ट बोर्डिङ, ,कुंवरवर्तीबोर्डिङ, कालिका मानवज्ञान मावि र न्यू होराइजन मावि सेमिफाइनलमा प्रवेश गरेका छन् ।

न्यू होराइजन मावि बुटवलको संरक्षकत्वमा न्यु होराइजन स्पोर्टस क्लबले आयोजना गरेको प्रतियोगिता अन्तर्गत बुधबारका क्वाटर फाइनल खेलमा विजयी हुंदै चार विद्यालयसेमिफाइनलमा पुगेका हुन् ।

बिहीबार एभरेष्ट र कुंवरवर्तीबीच पहिलो सेमिफाइनल खेल हुनेछ भने कालिका मानवज्ञान मावि र न्यू होराइजन मावि बीच अन्तिम सेमिफाइनल खेल हुने छ । फाइनल प्रतिस्पर्धा पनि बिहीबार नै हुने विद्यालयका खेल संयोजक मिलन रानाले जानकारी दिए। बुधबार भएका क्वाटर फाइनल खेलहरुमा एभरेष्टले ग्रीनप्लान्ट देवदहलाई ३-० सेटमा,कालिकाले कान्ति माविलाई ३-१ सेटमा,कुंवरवर्तीले बुद्ध पब्लिकलाई ३-० सेटमा र न्यू होारइजनले नवज्योति बोर्डिङ स्कस्ललाई ३-० सेटमा पराजित गरेका थिए ।

यस्तै न्यू होराइजन स्पोर्टस क्लबको आयाजनामा सञ्चालित बास्केटबलमा छात्रतर्फ ब्रिटिस ग्रामर स्कूल र एभरेष्ट बोर्डिङ तथा छात्रा तर्फ एभरेष्ट र सिद्धार्थ बोर्डिङ स्कूल फाइनलमा प्रवेश गरेका छन् ।

बुधबार भएका छात्र सेमिफाइनल खेलमा ब्रिटिस ग्रामरले दीपलाई २४-११ ले तथा एभरेष्टले न्यू होराइजनलाई १५-१३ ले जितेका थिए । यस्तै छात्रातर्फ एभरेष्टले न्यू होराइजनलाई १३-४ले तथा सिद्धार्थले दीप बोर्डिङलाई ११-० ले जितेका थिए ।

बास्केटबलको फाइनल र पुरस्कार वितरण पनि बिहीबार नै हुने न्यू होराइजन स्पोर्टस् क्लबका उपाध्यक्ष तथा विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्यालले जानकारी दिए ।

१२ टिमले भाग लिएको भलिबलको उपाधि विजेताले नगद नगद ४० हजार, उपविजेताले नगद २५ हजार रुपैया, तेस्रो टिमले नगद १५ हजार रुपैया तथा चौथो टिमले नगद १० हजार रुपैया नगद तथा कप, मेडल, प्रमाणपत्र पाउने छन् । छात्रा भलिबलको पहिलो संस्करण एभरेष्ट बोर्डिङ बुटवल र दोस्रो संस्करणको उपाधि न्यु होराइजन मावि बुटवलले जितेका थिए ।

बास्केटबलमा छात्रतर्फ ६ र छात्रातर्फ ४ टिमले प्रतिस्पर्धा गरेका छन् । बास्केटबलमा विजेता टिमलाई नगद १० हजार र उपविजेतालाई नगद ५ हजार रुपैया नगद सहित पुरस्कृत गरिने विद्यालयका खेल संयोजक मिलन रानाले बताए ।

# दाङमा प्रदेश सरकारको माघी



दाङ । लुम्बिनी प्रदेश सरकारले माघे संक्रान्ति तथा माघ पर्वको अवसरमा माघी मिलन कार्यक्रम सम्पन्न गरेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेश राजधानी परिसर राप्ती उपत्यका देउखुरीमा बुधवार माघी मिलन कार्यक्रमको आयोजना गरेको हो ।

थारु, मगर, नेवार लगायतका समुदायको सांस्कृतिक पहिचान झल्कने झाँकी सहित प्रदेश सरकारले भब्य रुपमा माघी मिलन कार्यक्रम गरेको छ । थारु समुदायको रैथाने खानाहरुढिकरी, खरिया, बरिया, फुलौरी लगायतका परिकारहरुको को प्रबर्द्धन गरिएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले माघी मिलन कार्यक्रमको उद्घाटन गर्दै मौलिक कला संस्कृतिको संरक्षण संगै त्यसलाई आय आर्जन संग जोड्नेगरी प्रदेश सरकारले कार्यक्रम बनाएको बताए ।'माघे संक्रान्ति तथा माघी साझा पर्व हो ।

लुम्बिनि प्रदेशमा भावनात्मक सम्बन्ध बलियो बनाउन र थप एकता कायम गर्न मद्दत गरेको छ'मुख्यमन्त्री आचार्यले भने,'मौलिक कला संस्कृतिलाइ पर्यटन संग जोड्न जरुरी छ । कला संस्कृतिलाइ पर्वमा मात्रै सिमित गर्ने होइन, अन्य दिनमा पनि संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्न जरुरी छ ।'

प्रदेश सरकारले थारु तथा मगर समुदायको कला संस्कृतिको संरक्षण गर्दै आयआर्जन बढाउन होमस्टे सञ्चालनकालागि सिप हस्तान्तरण गर्ने बताए ।'हाम्रा कला संस्कृतिलाई जोगाउदै समुदायको आर्थिक आम्दानी संग जोड्न जरुरी छ । यसकालागि प्रदेश सरकारले होमस्टे सञ्चालनकालागि बजेटको व्यवस्था गरेको छ'उनले भने,'समुदायको आर्थिक सशक्तिकरण नगर्दा सम्म समृद्धि र विकासको चाहना पुरा हुन सक्दैन । यसअर्थमा कला संस्कृतिको संरक्षण र प्रबर्द्धन जरुरी छ ।'

प्रदेशको विविधता आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्ने खालको भएकाले त्यसको प्रचारप्रसार गर्दै पर्यटक आवागमनलाई बढाउन जोड दिए । प्रदेश सरकारले मौलिक पर्वहरुलाई सम्मान गर्दै प्रबर्द्धनको नीति लिएको र सोही अनुरुप प्रदेश स्थापना भएदेखी माघ पर्वलाई भब्य रुपमा आयोजना गरिदै आएको जानकारी दिए । आन्तरिक मामिला तथा कानून मन्त्री आदेशकुमार अग्रवालको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न भएका थियो । कार्यक्रमलाई सम्वोधन गर्दै सभामुख तुलाराम घर्तीमगरले माघ साझा पर्व भएकाले यसले मौलिक कला संस्कृती संरक्षणगर्न महत्वपूर्ण भूमिका खेलेको बताए ।

'पहिचानहरुको संरक्षण गर्न जरुरी छ । यसकालागि सभ्यता जोगाउन आवश्यक छ'उनले भने,'प्रदेश सरकार स्थापनाभएदेखी मौलिक कला संस्कृतिको संरक्षण गर्न तल्लिन छ ।' नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजीत थारुले माघी पर्वले एक आपसमा भावनात्मक सम्बन्ध बलियो बनाउन भूमिका खेलेको बताए । 'मौलिक सांस्कृतिकले समुदायमा खुसि र उत्सव कायम गरेको छ'-उनले भने,'कला संस्कृतिको संरक्षण गर्दै अव आर्थिक गतिविधिलाई बढाउन जरुरी छ ।' प्रदेश सभा सदस्य निमा गिरीले मौलिक कला संस्कृतिको सम्बर्द्धन सबैको साझा मुद्धा बनेको बताए । आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रेखा कँडेलको स्वागत मन्तब्य बाट सुरु भएको कार्यक्रमको सहजिकरण बरिष्ठ शाखा अधिकृत गंगाधर पाण्डेले गरेका थिए ।

प्रदेश सरकारले माघी पर्वलाई सम्मान गर्दै माघ २ गते सार्वजनिक विदा समेत दिएको थियो ।

# वडाध्यक्षको लोभलाग्दो च्याउ खेती



परासी । सामाजिक सञ्जालको सदुपयोग गर्न सके सफलता प्राप्त गर्न सकिने उदाहरण प्रस्तुत गरेका छन् नवलपुरका स्थानीय तहका जनप्रतिनिधिले । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को मध्यविन्दु-३ का वडाध्यक्ष मानबहादुर महतोले युट्यूबको भिडियो हेरेर व्यावसायिक च्याउखेती सुरु गरी राम्रो उत्पादन गरेका छन् ।

समाजमा सामाजिक सञ्जालको सदुपयोग गर्न नसक्दा विभिन्न विकृति तथा साइबर अपराध भइरहेको समयमा उनले भने युट्यूबमा राखिएका कृषिसम्बन्धी भिडियोबाटै सिकेर च्याउखेती सुरु गरेका हुन् । 'मैले च्याउखेतीका बारेमा कुनै औपचारिक तालिम लिएको छैन', उनले भने, 'युट्यूबमा आउने भिडियो हेरेर च्याउखेतीका बारेमा धेरै कुरा बुझेपछि अहिले व्यावसायिक रूपमा आफैँले खेती गरेको छु, च्याउ उत्पादन निकै राम्रो भइरहेको छ ।'

वडाध्यक्ष महतोले युट्युबमा राखिएको भिडियोबाट प्रेरित भएर एमडी कृषि तथा पशुपन्छी फार्म दर्ता गरी आफ्नै घरमा व्यावसायिक रूपमा च्याउखेती सुरु गरेको बताए । उनले सात सय २० वर्गफिटमा संरचना निर्माण गरी डल्लेच्याउ तथा चार सय ५० वर्गफिटमा छुट्टै संरचना बनाएर पातेच्याउको व्यावसायिक खेती गर्दै आएका छन् ।

च्याउखेतीका लागि निर्माण भएका दुईवटा संरचनाबाहेक आफूले दुई लाख ७५ हजार लगानी गरेको र खेतीबाट सन्तुष्ट रहेको बताए । महतोले उत्पादन गरेको च्याउ घरबाटै बिक्री हुने गरेको छ । धेरै भएको च्याउ चोरमारा, अरुणखोला, डण्डा, कावासोती तथा नारायणगढको तरकारी बजारसम्म पुऱ्याउने गरेको उनले बताए ।

'च्याउ उत्पादन राम्रो भए पनि बजारको अलि समस्या छ, उत्पादन गर्ने क्षमतासम्म किसानको हातमा हुन्छ तर बजारीकरण भने व्यापारीको हातमा हुन्छ', उनले भने, 'यस क्षेत्रमा बजारीकरणको अलि समस्या नै छ, मेरो आज उत्पादन भएको च्याउ लगेर बिक्री गर्न पाइनँ ।' गाउँका उपभोक्ता च्याउ खोज्दै आफूकहाँ आउने गरेको भए पनि बजारसम्म भने आफैँले ढुवानी गरिदिनुपर्ने बाध्यता रहेको उनले बताए ।

च्याउ टिप्न ढिला हुँदा बिग्रिएर जाने भन्दै उनले बिक्री नभएको ताजा च्याउ सुकाएर धुलो बनाएर राख्ने गरेको बताए ।

'किसान अब उत्पादन क्षेत्रमा जोडिनुपर्छ भनेर राज्य लागिरहेछ, त्यसमा जोडिएपछि नागरिकलाई पनि भन्न सजिलो हुन्छ भनेर यो खेती सुरु गरेँ', उनले भने, 'मैले पनि कृषि गरेर उत्पादन गरिरहेको छु, तपाईं पनि गर्नुस् भनेर किसानलाई भन्न सजिलो हुन्छ ।' राज्यले कृषिमा अनुदान दिइरहेको भए पनि आफूले अहिलेसम्म अनुदान नलिएको उनको भनाइ छ । 'मैले अनुदान लिएर कृषि सुरु गरेँ भने जनप्रतिनिधि भएर आफैँले अनुदान लियो भनेर भन्छन् । त्यो भन्दा बरु मैले अनुदान नलिई काम गर्छु', उनले भने, 'अन्य किसानले भने पालिकाबाट अनुदानका लागि निवेदन माग गरेको बेला सहभागी भएर अनुदान लिएर कृषि गर्नुभयो भने दिगो हुन्छ ।'

सबै जनाले एकैप्रकारको खेती गर्न सुरु गर्दा उत्पादन बढी र माग थोरै हुने भन्दै निर्यात गर्नेगरी उत्पादन गर्न राज्यले सहयोग गर्नुपर्ने उनले बताए । राज्यले कृषिमा अनुदान बढाएर किसानको उत्पादन लागत घटाउन मद्दत गरेमा अन्य मुलुकको उत्पादनसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्नसक्ने उनको भनाइ छ ।

च्याउमा कुनै पनि विषादी प्रयोग गर्न नपर्ने उनको भनाइ छ । 'जसको कारण उत्पादक र उपभोक्ता दुवैको स्वास्थ्यलाई फाइदा पुग्छ,' उनी भन्छन् ।

छत्रकोट गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.dainiklumbini.com